२०६५ साल पुस २ गते रोज ४ का दिन १३.३० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. राष्ट्रिय तथ्याङ्क प्रणालीसम्बन्धी ऐन, २०६५ तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।८९-०६५।८।२५ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

(क) प्रस्तावित विधेयकको दफा ४. को उपदफा (१) को खण्ड (ण) मा रहेको "संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय" भन्ने व्यहोराको सट्टा "पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालय" तथा सोही उपदफाको खण्ड (द) मा रहेको "शिक्षा तथा खेलकूद मन्त्रालय" भन्ने व्यहोराको सट्टा "युवा तथा खेलकूद मन्त्रालय र शिक्षा मन्त्रालय" भन्ने व्यहोरा राखी मिलाउने ।

(ख) नेपाल सरकारद्वारा मनोनीत हुने सदस्यमा महिलाको प्रतिनिधित्व गर्ने व्यवस्था मिलाउने ।

(ग) उल्लिखित खण्ड (क) र (ख) बमोजिमको व्यवस्था मिलाई राष्ट्रिय तथ्याङ्क प्रणालीसम्बन्धी ऐन, २०६५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।

२. सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०६५ स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।९०-०६५।९।२ को प्रस्ताव - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७. को उपनियम (१) मा रहेको "पैंतीस लाख रुपैयाँसम्म" भन्ने व्यहोराको सट्टा "साठी लाख रुपैयाँसम्म" भन्ने व्यहोरा राखी नियम ९७. को उपनियम (१) संशोधन गर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. आर्थिक सहायता उपलब्ध गराउने (देवीप्रसाद खनाल समेतका परिवारलाई) विषयको गृह मन्त्रालयको नं.६।१८३-०६५।८।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. मतदाता नामावली सम्बन्धी (पहिलो संशोधन) ऐन, २०६५ को विधेयक संविधानसभामा पेश गर्न स्वीकृति दिने विषयको गृह मन्त्रालयको नं.६।१८९-०६५।९।२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

"प्रस्तावसाथ संलग्न मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संविधान सभाको व्यवस्थापिका संसद समक्ष पेश गर्ने ।"

५. शिक्षक शहीद घोषणा गर्ने (सुनिलप्रसाद यादवलाई) विषयको गृह मन्त्रालयको नं.६।१९०-०६५।९।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. तेस्रो सार्क ऊर्जा मन्त्रीहरुको बैठकमा भाग लिन पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको जलस्रोत मन्त्रालयको नं. ७२६-०६५।८।३० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. राष्ट्रिय विद्युत संकट निरूपण कार्ययोजना, २०६५ स्वीकृत गर्ने विषयको जलस्रोत मन्त्रालयको नं. ७२७-०६५।९।२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४. "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

(क) प्रस्तावसाथ संलग्न 'राष्ट्रिय विद्युत संकट निरूपण कार्ययोजना, २०६५' को तात्कालिक कार्ययोजनाको दफा ६. मा उल्लिखित तापीय ऊर्जा (डिजेल जेनेरेटर) सञ्चालन गरी लोडसेडिङ्ग घटाउने कार्य अगाडि बढाउन सैद्धान्तिक स्वीकृति दिने ।

(ख) प्रस्तावमा उल्लिखित अन्य विषयमा अर्को बैठकमा छलफल गर्ने ।

८. वारा जिल्लाको निजगढमा दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्न वार्ता गर्ने विषयको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. ८क।१३-०६५।९।१ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. जाँचबुझ आयोग गठन गर्ने (मधेशी युवा फोरमका उपत्यका अध्यक्ष जीतेन्द्र साहको) विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।४४-०६५।९।१ को प्रस्ताव - प्रस्तावको प्रकरण ४."निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत प्रस्तावित व्यहोरामा देहायबमोजिम मिलाई अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने -

(क) आयोगमा रहने अध्यक्ष र सदस्यहरु शान्ति तथा पुनर्निर्माण मन्त्रालयले तोक्ने ।

(ख) प्रस्तावसाथ संलग्न जाँचबुझ आयोगको प्रस्तावित कार्यक्षेत्रगत शर्तहरुको दफा ३. को सट्टा देहायको दफा ३. राख्ने -

३. <u>अध्यक्ष, सदस्य तथा  कर्मचारीहरुको सुविधा</u> -

१. आयोगका अध्यक्ष र सदस्यहरुलाई पुनरावेदन अदालतका वहालवाला न्यायाधीशले खाइपाई आएको तलव वरावरको मासिक पारिश्रमिक र इन्धन वापत मासिक रु. १२,०००।- का दरले उपलब्ध गराउने । साथै, आयोगमा काम गर्ने कर्मचारीहरुलाई शुरु तलव स्केलको २५ प्रतिशत भत्ता उपलब्ध गराउने ।

२. स्थलगत भ्रमणमा जाँदा भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा उपलब्ध गराउने ।

३. आयोगको कार्यालय संचालनका लागि आवश्यक रकम उपलब्ध गराउने ।

४. उक्त रकम अर्थ मन्त्रालयले शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नाममा निकासा दिने ।

१०. एस.एल.सी. नियमित तथा पूरक परीक्षा २०६५ को प्रश्न पत्र छपाई विषयको शिक्षा मन्त्रालयको नं. १६।३०-०६५।८।३० को प्रस्ताव - एस.एल.सी. नियमित तथा पूरक परीक्षा २०६५ को प्रश्न पत्र छपाई गर्ने सम्बन्धमा देहायबमोजिम गर्ने -

(क) अब उप्रान्त भारतमा गई प्रश्न पत्र छपाई गर्ने कार्य नदोहोऱ्याउने गरी अन्तिम पटक प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(ख) भविष्यमा प्रश्न पत्र छपाउने कार्य गोपनीयता लगायतका अन्य सुरक्षणको उचित व्यवस्था मिलाई नेपालमा नै गर्ने व्यवस्था मिलाउने ।

(ग) खण्ड (ख) बमोजिम प्रश्न पत्र छपाउने कार्य नेपालभित्र हुन नसक्ने भएमा प्रचलित कानून बमोजिम प्रतिस्पर्धाका आधारमा गर्ने गराउने व्यवस्था मिलाउने ।

(घ) उपर्युक्त बमोजिमको कार्य समयमा नै नगरी अन्तिम समयमा आएर मन्त्रिपरिषद्बाट निर्णय गर्न गराउन खोज्ने जिम्मेवार कर्मचारीलाई विभागीय कार्वाही गर्ने प्रक्रिया अघि बढाउने ।

११. शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न सैद्धान्तिक स्वीकृत दिने विषयको शिक्षा मन्त्रालयको नं. १६।३१-०६५।९।२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. स्थानीय तहमा मनाइने चाडपर्व, जात्रा, मेला र महोत्सव आदिलाई स्थानीय तहबाटै अनुदान दिने व्यवस्था गर्ने विषयको संस्कृति तथा राज्य पुनःसंरचना मन्त्रालयको नं. २०।३५-०६५।८।२९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१३. पिछडा वर्ग (मधेश) विकास समिति (गठन) आदेश, २०६४ स्वीकृत गर्ने विषयको स्थानीय विकास मन्त्रालयको नं. २१।२९-०६४।५।३१ को प्रस्ताव - मन्त्रिपरिषद्, सामाजिक समितिको सिफारिश समेतलाई दृष्टिगत गरी यसैसाथ संलग्न "पिछडिएको समुदाय उत्थान विकास समिति (गठन) आदेश, २०६५" को दफा २. को खण्ड (ङ) मा रहेको "सूचना प्रकाशन गरी तोकेको" भन्ने व्यहोरापछि "मधेश/तराईको" भन्ने व्यहोरा थप गरी उक्त आदेश स्वीकृत गर्ने ।

१४. आर्थिक सहायता दिने (वरिष्ठ साहित्यकार रमेश विकललाई) विषयको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।७५-०६५।८।३० को प्रस्ताव - वरिष्ठ साहित्यकार रमेश विकलको औषधोपचार गर्दा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. (क) वर्तमान शिक्षा नीति र शिक्षा क्षेत्र सम्बद्ध समस्या समाधानका लागि उच्चस्तरीय शिक्षा आयोग गठन गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिने ।

(ख) अस्थायी शिक्षकहरुको समस्या समाधानका लागि शिक्षकहरु समेतको प्रतिनिधित्व हुने गरी कार्यदल गठन गर्न शिक्षा मन्त्रालयलाई निर्देशन दिने ।

१६. गोर्खा जिल्ला, गाइखुर-५ निवासी श्री भेषनारायण मल्लको निवेदनलाई दृष्टिगत गरी निजलाई एक लाख पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१७. कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको मिति २०६५।८।२५ को पत्रलाई दृष्टिगत गरी वादी नेपाल सरकार प्रतिवादी रौतहट जिल्ला पिपरिया परोहा गा.वि.स. वडा नं. २ घर भएका गगनदेव राय यादव समेत जना ६ प्रतिवादी भएको माओवादी जनयुद्धको क्रममा राजनैतिक प्रतिशोधका कारण रौतहट जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता भई रौतहट जिल्ला अदालतबाट र पुनरावेदन अदालत हेटौंडाबाट समेत फैसला भई पुनरावेदनको रूपमा सर्वोच्च अदालतमा विचाराधीन रहेको प्रस्तुत मुद्दा फिर्ता लिनुपर्ने कारणमा यी प्रतिवादीहरुलाई माओवादी जनयुद्धको क्रममा राजनैतिक प्रतिशोधका कारण मुद्दा लगाइएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६ को उपधारा (३) सँग सम्बन्धित अनुसूची ४ मा उल्लेख भएको 'विस्तृत शान्ति सम्झौता'को बुदा नं. ५.२.७ बमोजिमको आधारबाट उल्लिखित मुद्दाका सबै प्रतिवादीहरुको मुद्दा फिर्ता लिनुपर्ने भएकोले सोही बमोजिमको व्यहोरा महान्यायाधिवक्ता मार्फत सर्वोच्च अदालतमा अनुरोध गर्ने ।

१८. नवलपरासी जिल्लाको त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. ४ र जुम्ला जिल्लाको मालिका ठाँटा गा.वि.स. वडा नं. ७ मा उपस्वास्थ्य चौकी स्थापना गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१९. मं.प.बै.सं. २८।०६५ मिति २०६५।७।११ को मन्त्रिपरिषद्को बैठकबाट कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको प्रस्तावसाथ संलग्न अनुसूचीमा उल्लिखित मुद्दा फिर्ता लिने निर्णय भएकोमा सो मध्ये देहायको मुद्दाहरु हाल फिर्ता नलिने -

(क) सि.नं. १९ को "जाहेरवाला पदमबहादुर लिम्बु र प्रतिवादी रमेश भन्ने नरेन्द्र ढकाल रहेको कर्तव्य ज्यान मुद्दा" ।

(ख) सि.नं. २१ को "जाहेरवाला हेमन्त पौडेल र प्रतिवादी दोर्जे पेमा तामाङ रहेको डाँका मुद्दा" ।

२०. मं.प.बै.सं. ३१।०६५ मिति २०६५।८।१८ को मन्त्रिपरिषद्को बैठकबाट कैलाली जिल्ला धनगढीका पत्रकार जगतप्रसाद जोशीको हत्याको छानवीन गर्न गठित आयोगको सदस्यमा प्रहरी प्रधान कार्यालयका एक जना प्रहरी वरिष्ठ उपरीक्षक थप गर्ने । यसरी थप हुने सदस्यको नाम गृह मन्त्रालयले तोक्ने ।

२१. देहायबमोजिम गर्ने-

(क) राजनीतिज्ञ स्व. सीतानन्दन रायलाई उपचार गराउँदा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने ।

(ख) बर्दीया जिल्ला बेलवा -८, गौरीगञ्ज बस्ने धुरइला शाहीलाई उपचार खर्चबापत एक लाख पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ग) मं.प.बै.सं. ३२।०६५ मिति २०६५।८।२५ को मन्त्रिपरिषद्को बैठकबाट "सुनसरी निवासी शिवनारायण महतोलाई उपचार गर्न पचास हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने" निर्णय भएकोमा सोको सट्टा निजलाई उपचार गराउँदा लागेको खर्च नेपाल सरकारले व्यहोर्ने ।

द्रष्टव्य : निर्णयसँग सम्बन्धित अन्य विवरण आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।